गाउँ सभाको १३ औँ अधिवेशनमा गाउँपालिका अध्यक्ष खिम बहादुर रावत ज्यूबाट प्रस्तुत अर्थिक वर्ष २०८०।८१ को

# वार्षिक नीति तथा कार्यक्रम

## त्रिवेणी गाउँपालिका

**लुहाम, सल्यान**

**कर्णाली प्रदेश, नेपाल**

**२०८० असार १० र १२ गते**

# त्रिवेणी गाउँपालिका
# गाउँसभाको
# १३ औं अधिवेसनमा पेश गरिएको
# *आ.व. २०८०।८१ को नीति तथा कार्यक्रम*

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र प्रणालीमा तीन तहका सरकार (संघ, प्रदेश र स्थानीय) को व्यवस्था गरेको छ । स्थानीय सरकारको रुपमा रहेको त्रिवेणी गाउँपालिकाका जननिर्वाचित पदाधिकारीहरुको संघीयता पछिको दोश्रो कार्यकालका लागि हामी निर्वाचित जनप्रतिनिधिको छनौट भै मितिः २०८० श्रावण १ गते पश्चात दोश्रो आ.व.मा प्रवेश गरी पदभार ग्रहण गरिरहेका छौं । हामी यस अवस्थामा नयाँ उर्जा र सकारात्मक सोंचका साथ त्रिवेणी गाउँपालिका सल्यानको तेह्रौं गाउँसभाको शुभारम्भमा आइपुगेका छौं । यस अवसरमा सबैभन्दा पहिले देशको आर्थिक, सामाजिक, साँस्कृतिक रुपान्तरण तथा राजनीतिक परीवर्तनका लागि संघर्ष गर्ने तथा मातृभूमिको रक्षाका लागि आफ्नो ज्यान बलिदान दिने महान वीर शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । अघिल्लो बर्षको काम गर्ने क्रममा विविध कठिनाइ ,चुनौति एवं देशभरि छाईरहेको आर्थिक मन्दीका बाबजुत पनि निर्वाचित जनप्रतिनिधिहरु र कर्मचारीहरुले गाउँपालिकाको वृहत्तर विकास र सर्मृद्धिका लागि गरेको अतुलनिय योगदानको उच्च प्रशंसा गर्दै हार्दिक धन्यवाद दिन चाहन्छौं । सहकार्य, सहयोग र समन्वय गरी त्रिवेणीको समग्र विकासमा महत्वपुर्ण भुमिका निर्वाह गर्ने आम जनसमुदाय, नागरीक समाज, बौद्धिक वर्ग, राजनीतिकर्मीहरु, पत्रकार बन्धुहरु, पेशागत व्यवसायीहरु लगायत सबै प्रति सम्मान प्रकट गर्दछौं । आउँदा दिनहरुमा समेत यहाँहरुबाट सहयोगको अपेक्षा राख्दै विशेष धन्यवाद दिन चाहन्छौं ।

सार्वभौमसत्ता जनतामा निहित भएको वर्तमान अवस्थामा त्रिवेणी गाउँपालिकाले जनताका भावना र आवश्यकताको पहिचान गर्न विकासका सम्पुर्ण क्रियाकलापमा जनतालाई केन्द्र विन्दुमा राखी सहभागितामुलक विकास पद्दती अवलम्बन गर्दै सम्वृद्ध त्रिवेणी निर्माणको जग स्थापना गर्न त्रिवेणीवासीको जीवनस्तर माथि उठाउन र जनताको चाहनालाई सार्थक तुल्याउन आगामी आ.व. २०८०।८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) ले विश्वको अर्थतन्त्रलाई धरासायी बनाई आर्थिक र मानवीय क्षति गरेको तथ्य तपाई हामी सामु छर्लङ्ग छ । विगतमा हाम्रो देश, हाम्रो प्रदेश र हाम्रै पालिकामा पनि मानवीय क्षति भएको व्यहोरा सबैमा अवगतै छ । यसको रोकथाम, नियन्त्रण र उपचारका लागि चालेका कदम र सरकारबाट तोकिएको मापदण्ड बमोजिम चरणवद्धरुपमा सञ्चालन गरिएको कोभिड १९ विरुद्धको खोप अभियानले यसको असर सामान्य गराएको छ ।

त्रिवेणीको प्राकृतिक सुन्दरता, भौगोलिक विविधता सँगसँगै सामाजिक सद्भाव र साँस्कृतिक सम्पदाले समग्र गाउँपालिकाको विकास, सम्वृद्धिको व्यापक सम्भावना र आभार प्रकट गर्दछ । त्यसका लागि हामी सबै त्रिवेणीवासी आदरणीय जनसमूदायसँग समन्वय र सहकार्य गर्दै अघि बढ्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

**सभासद् ज्यूहरु,**

**"सफा, हराभरा, सुन्दर शान्त त्रिवेणी गाउँपालिका – सुशासन, सहभागिता दिगो विकास समृद्धि र समतामुलक समाज निर्माण हाम्रो प्रतिवद्धता"** भन्ने मूल नाराका साथ विभिन्न नीतिहरु अवलम्बन गर्दै शुरु भएको त्रिवेणी गा.पा. को विकासको यात्रा **"स्वस्थ र समृद्ध त्रिवेणी गाउँपालिका,विकासमा हाम्रो प्रतिवद्धता"** सहितको नारा अवलम्बन गरी विभिन्न नीतिहरुको समीक्षा गर्दा सफलता प्राप्त भएको अनुभुति गरेका छु । गत आर्थिक वर्षमा लिएका नीतिहरुको देहाय बमोजिम समीक्षा गरिएको छ ।

१ गाउँपालिकाको प्रत्येक वडामा सडक सुविधा पुऱ्याउने नीतिलाई कार्यान्वयन गरिएको छ र त्यस्ता सडकलाई स्तरोन्नति गर्दै लगिएकोछ ।

२ शिक्षालाई वैज्ञानिक र गुणस्तरीय बनाउन शिक्षक दरबन्दी मिलान तथा विद्यालय व्यवस्थापन कार्य सम्पन्न गरिएको छ साथै स्वयंसेवक शिक्षकको नियुक्तिलाई थप व्यवस्थित र प्रभावकारी बनाइएकोछ ।

३ सामुदायिक शिक्षालाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउन विद्यालयहरुमा इ-हाजिरी व्यवस्थालाई निरन्तरता तथा कक्षागत शिक्षण प्रणालीलाई **Digitalised System** को थालनी गरिएकोछ ।

४ स्वास्थ्य सेवालाई वडा स्तरमा विस्तार गरी सहज ढँगले सेवा प्रवाह गर्न वडा नं. १, २ र ५ मा स्वास्थ्य इकाई भवन निर्माण कार्य सम्पन्न गरिएको छ भने अन्य वडाहरुमा समेत स्वास्थ्य ईकाइ भवन निर्माण कार्य गरिनेछ ।

५ आधारभुत र आकस्मिक स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच सुनिश्चित गर्न विशेषज्ञ डाक्टर(**MBBS**) सहितको सेवा सञ्चालन भैसकेको र आगामी दिनमा उक्त कार्यक्रमलाई प्रभावकारी रुपले अगाडी बढाइएकोछ ।

६ **“स्वास्थ्यको लागि खेलकूद, राष्ट्रको लागि खेलकूद ”** भन्ने मूल मन्त्रलाई आत्मसाथ गर्दै गाउँपालिका स्तरीय खेलकूद,अध्यक्ष कप भलिबल प्रतियोगिता,राष्ट्रपति रनिङ शिल्ड सञ्चालन गर्न र सबै तहका विद्यालयहरुमा खेलकूदको विकास गर्न खेलकुद कार्यक्रम तथा युवा सशक्तिकरणमा जोड दिएकोछ ।

७ **“ एक गाउँपालिका, एक खेलकूद मैदान” निर्माणको** लागि वडा नं.-३ र वडा नं.-१ का बिचमा रहेको रिखेबगरलाई गाउँपालिका स्तरीय खेलकूद मैदान निर्माण गरिएको छ र त्यसको स्तरोन्नति गर्न आवश्यक बजेट व्यवस्था हुन पहल शुरु गरिएकोछ ।

८ नेपाल सरकारबाट घोषणा गरिएका अभियानलाई त्रिवेणी गाँउपालिकाले आफ्नै अभियानको रुपमा सञ्चालन गरी पूर्ण खोप सुनिश्चितता, पूर्ण सरसफाई ,पोषणमैत्री वडा घोषणा जस्ता अभियानलाई प्राथमिकता दिइएको छ ।

९ करका दर र दायरा तथा नयाँ क्षेत्रको पहिचान र विकास गर्दै गाउँपालिकालाई आन्तरिक आयमा बलियो बनाउदै लैजान वडा कार्यालयहरुलाइ जवाफदेहि बनाइएको छ ।

१० गाउँपालिकाको सभ्य र सुसँस्कृत एवं दक्ष जनशक्ति निर्माणको लागि आफ्नो सँस्कृति, आफ्नो पहिचान र जीवन उपयोगी सीपको विकास गर्न **“ हाम्रो त्रिवेणी पाठ्यक्रम”** तयार गरी लागु गरिएको छ ,साथै कक्षा एक देखि कक्षा पाँचसम्म पाठ्यपुस्तक परिमार्जनको प्रक्रियामा र आगामी आ.व.मा कक्षा ६ देखि ८ सम्मको पाठ्यक्रम निर्माण गर्ने लक्ष्य राखिएको छ ।

११ जनतामा सूचनाको हक तथा पारदर्शिताको विकास गर्दै सुशासनको अवधारणालाई सुदृढ गर्दै लैजाने प्रयास गरिएको छ । यसका लागि सबै वडाका जनतासँग अर्न्तक्रिया र सार्वजनिक सुनुवाई कार्यक्रम एवं वडा स्तरिय संवाद कार्यक्रमहरु सञ्चालन गरिएको छ । योजनाहरुमा सार्वजनिक परीक्षणलाई समेत प्रभावकारी बनाउने प्रयास गरिएको छ ।

१२ योजना छनौटलाई बस्तीस्तरबाट सबै पक्षको सहभागितामा स्थानीय आवश्यकता वातावरण मैत्री उत्पादनमूलक, रोजगारमुलक एवम् आयस्तर वृद्धि गर्ने गरी सन्तुलित रुपमा बजेट विनियोजन गर्न **“स्थानीय तह योजना तर्जुमा दिग्दर्शन २०७८”** लाई अवलम्बन गरिएको छ । साथै उपभोक्ता समितिहरुलाई आयोजना सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रमलाई निरन्तरता दिइएकोछ ।

१३ जनताको स्वास्थ्य उपचार गर्ने तथा जिल्ला प्रशासन कार्यालय सल्यानको सहयोग र समन्वयमा नागरिकता वितरण सहितको व्यवस्था जनतालाई घरदैलोमै उपलव्ध गराउने उद्देश्यले एकीकृत घुम्ती स्वास्थ्य शिविर, व्यक्तिगत घटना दर्ता, नागरिकता वितरण शिविर सञ्चालन गरी जनतालाई स्थानीय सरकार भएको अनुभूति गराइएको छ ।

१४ गाउँपालिकाका महत्वपूर्ण विकास निर्माणको लागि ठुला आयोजनाहरुको अनिवार्य डि.पि.आर.निर्माण गरी कार्यान्वयनमा ल्याईएको छ ।

१५ त्रिवेणी गाउँपालिकाको प्रशासकीय भवन निर्माणाधिन अवस्थामा रहेकोले आगामी आ.व.मा सम्पन्न गर्ने गरी प्रक्रिया अगाडि बढाइएकोछ ।

१६ गाउँपालिकाको विकासलाई योजनावद्ध ढङ्गले अगाडि बढाउन आधारहरु तयार गर्नुपर्ने हुन्छ त्यसका लागि गाउँपालिकाको प्रोफाइल, यातायात गुरुयोजना, पाँच वर्षे आवधिक योजना, मध्यमकालीन खर्च संरचना र सो का आधारमा वार्षिक योजनाहरु तय गर्ने गरिएको छ ।

१७ **"कृषकको उत्पादन गाउँपालिकाको अनुदान"** कार्यक्रमबाट किसानहरुको जीवनस्तर उठाउन कृषि तथा पशुपालन गर्ने किसानहरुलाई विभिन्न अनुदान दिने गरिएको छ । साथै पशु सेवालाई गाउँगाउँसम्म पहुच पुग्ने गरी विभिन्न समयमा पशु शिविर सञ्चालन गरिएको छ ।

१८ चालु आ.व.०७९/८० को बिचमा पहिलो पटक देखिएको पशुपंछीलाई लाग्ने रोग लम्पी स्कीन महामारीलाई नियन्त्रण गर्न प्रयाप्त प्रयास गरिएको छ ।

१९ नेपाल सरकार र अन्य सरकारी निकायहरुबाट प्रदान गरिने अनुदान एवं अन्य सेवा सुविधा गैरकृषकले पाउन सक्ने समस्याको निराकरण गर्न र वास्तविक किसानहरुलाई प्रदान गर्ने अनुदानको सुनिश्चित गर्न किसानहरुको एकीकृत विवरण संलग्न भएको पहिचान खुल्ने **" कृषक परिचय-पत्र "** का लागि आवश्यक विवरण संकलन गर्ने कार्यलाई निरन्तरता दिईएकोछ ।

२० स्थानीय श्रम, प्रविधि, सीप र स्रोतको उपयोग गरी स्थानीय स्तरमै उद्यमशील संस्कारको विकास गरी नागरिकहरुलाई स्वरोजगार र आन्मनिर्भर बनाई गरिबी निवारण गर्नका लागि लघु उद्यम विकास कार्यक्रमलाई प्राथमिकताका साथ अगाडी बढाइएको छ ।

२१ बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत सुनौला १००० दिनका शिशु तथा सुत्केरी आमाहरुका लागि **"पोषण सेवा विस्तार कार्यक्रम"** लागु गरिएको छ ।

२२ मातृशिशुको स्वास्थ्यमा ध्यान पुऱ्याइ **PNC Visit तथा सुत्केरी भेटघाट कार्यक्रमका साथै जेष्ठ नागरिकहरु प्रति सम्मान व्यक्त गर्दै जेष्ठ नागरिकसँग स्वास्थ्यकर्मी भेटघाट** कार्यक्रम सञ्चालन गरिएको छ ।

२३ त्रिवेणी गाउँपालिकालाई विद्युत र सञ्चार सुविधायुक्त बनाउन विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याइएको छ । गाउँपालिकाको सम्पूर्ण क्षेत्रमा सेवा उपलब्ध हुनेगरी शंखमुल सामुदायिक संस्था मार्फत सामुदायिक ग्रामीण विद्युतीकरण विभागबाट ठेक्का सम्झौता भएकोमा हाल सो संस्था नरहेकोले नेपाल विद्युत प्राधिकरण मार्फत बांकी बस्तीमा विद्युतिकरण गरी **उज्यालो त्रिवेणी नारा**लाई सार्थक बनाइएकोछ ।

उल्लेखित उपलब्धीहरुलाई आत्मसात र संस्थागत गर्दै आगामी आ.व. २०८०।८१ मा समेत रुस युक्रेन युद्धका कारण सिर्जित यथास्थितिमा रहेको मुल्य वृद्धि नियन्त्रण र संकटासन्न अर्थतन्त्रलाई पुनरुत्थान गर्ने नेपाल सरकारको नीति बमोजिम कृषि उत्पादन र उत्पादकत्व वृद्धि, पूर्वाधार निर्माण, रोजगारी श्रृजना, दिगो विकास, पर्यावरणीय सन्तुलन र सुशासनलाई प्राथमिकतामा राखी नीति, कार्यक्रम र बजेटका प्राथमिकता निर्धारण गरिएको छ ।

**सभासद् ज्यूहरु,**

अव म त्रिवेणी गाउँपालिकाको आगामी आ.व.को सोँच, लक्ष्य, अपेक्षित उपलव्धी र अवलम्वन गरिएका नीतिहरुको सम्बन्धमा संक्षेपमा जानकारी गराउने अनुमति चाहन्छु ।

१) **सोच :** विकासको सम्भावनाको रुपमा रहेको शिक्षा,कृषि, पशु,पूर्वाधार,पर्यटन र लघुउद्यम विकास र व्यवसायीकरणको माध्यमबाट आत्मनिर्भर र सम्वृद्ध त्रिवेणी गाउँपालिका निर्माण गर्ने ।

२) **अपेक्षित उपलव्धी :** उपलब्ध स्रोत र साधनको प्रभावकारी परिचालनवाट रोजगारीका अवसरमा वृद्धि भई जनताको जीवन स्तरमा सकारात्मक परिवर्तन हुदै आत्मनिर्भर र सुखी त्रिवेणी हुनेछ ।

३) **मूल मन्त्र : "स्वस्थ र समृद्ध त्रिवेणी गाउँपालिका ,विकासमा हाम्रो प्रतिवद्धता"** भन्ने मूल नारालाई आत्मसाथ गरि प्राथमिकता प्राप्त क्षेत्रमा लगानी वृद्धि गरि समृद्ध त्रिवेणी गाउपालिका निर्माण गरिनेछ । यस मूल मन्त्रलाई सफलिभूत बनाउन तपसिलका क्षेत्रगत नीतिहरु तय गरिएको छ :

**तपसिल**

**क)आर्थिक विकासः**

- **"कृषकको उत्पादन त्रिवेणी गाउँपालिकाको अनुदान कार्यक्रम"** बमोजिम भौगोलिक क्षेत्र अनुसार पकेट क्षेत्रको निर्धारण गर्दै कृषि तथा पशु क्षेत्रको व्यवसायीकरण र विविधिकरण गर्न उत्पादनका आधारमा अनुदान उपलब्ध गराइनेछ । यो अनुदान कृषि र पशुजन्य सहकारीलाई पनि उपलब्ध गराउने नीति लिइनेछ ।
- गाउँपालिकाभित्रका किसान सूचिकरणमा परेका कृषकहरुलाई **"कृषक परिचय पत्र"** वितरण गरिनेछ ।
- गाउँपालिका भित्र रहेका छाडा चौपाया व्यवस्थापनको नीति लिइनेछ ।
- पर्यटन क्षेत्रलाई पनि विकासको आधार बनाउन पर्यटन प्रवर्द्धन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- तल्लो तटीय क्षेत्रमा आँप, लिच्ची, मेवा र उपल्लो भागमा सुन्तला, कागती जस्ता अमिला जातका फलफूल तथा ओखर, किवी जस्ता फलफूलको व्यवसायिक उत्पादन बढाउन सहकारीसँग सहकार्य गरेर कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।
- सहकारीलाई क्रियाशिल र सक्षम बनाउन सहकारी मर्जको नीतिलाइ निरन्तरता दिईनेछ ।
- मेड्पा कार्यक्रम अन्तर्गत स-साना लघु तथा घरेलु उद्योगहरुको विकास गरी जनताको आयस्तरमा वृद्धि ल्याउने कार्यलाई निरन्तरता दिइएको छ ।
- श्रम बजारमा प्रवेश गर्ने तथा रोजगारी गुमाएका श्रमिकलाई काम र रोजगारीको सुनिश्चिता गर्न प्रधानमन्त्री रोजगार र मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई आवश्यकता अनुसार प्राथमिकताका आधारमा काम र रोजगारको प्रत्याभुति गरिनेछ ।
- वैदेशिक रोजगारमा जाने व्यक्तिहरुका लागि गाउँपालिकाबाटै श्रम स्विकृति प्रदान गर्ने व्यवस्थालाई प्रभावकारी रुपमा सञ्चालनमा ल्याइनेछ ।
- कोभिड १९ का कारण वैदेशिक रोजगारबाट फर्केका तथा स्वदेशमा रोजगार गुमाएका आर्थिक, सामाजिक रुपमा विपन्न असहायहरुलाई प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगार सिर्जना गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- पालिकाको आवधिक योजना र मध्यकालीन खर्च संरचना बमोजिम वार्षिक योजना तथा बजेट निर्माण गरिनेछ ।

**ख) <u>सामाजिक विकास:</u>**

- यस गाउँपालिकामा रहेका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको तथ्यांक संकलन, जग्गा नापजाँच गरी जग्गाधनी प्रमाणपूर्जा वितरण प्रयोजनको लागि प्रक्रिया अगाडि बढाइने ।
- स्वास्थ्य सेवा प्रभावकारी रुपमा जनतालाई प्रदान गर्न सार्वजनिक बिदामा समेत स्वास्थ्य चौकी खुला रहने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- एच.आई.भि.संक्रमितहरुका लागि प्रोत्साहन स्वरुप यातायात र पोषण खर्चको व्यवस्था गरिनेछ ।
- आधारभुत र आकस्मिक स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच सुनिश्चित गर्न विशेषज्ञ डाक्टर सहितको सेवालाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने महिला स्वास्थ्य स्वयमसेविकाहरुको सेवालाई सम्मान गर्दै प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- बाल मृत्युदर तथा मातृ मृत्युदर कम गर्न, कुपोषित गर्भवती महिला र बच्चालाई बचाउन प्रोटोकल अनुरुप सुत्केरी जाँच गराउन आउने महिलालाई विगतमा दिदै आएको आयो नून, सुत्केरी भत्ता तथा बच्चालाई न्यानो झोला दिइने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- जनताको स्वास्थ्यलाई ख्याल गरी पूर्ण खोप सुनिश्चितता तथा पूर्ण सरसफाई अभियानलाई निरन्तरता दिइने छ ।

- जनतालाई स्वच्छ खानेपानी सेवा उपलब्ध गराउन खानेपानी सम्बन्धी योजनाहरु निर्माण गर्ने, पुराना योजनाहरुको मर्मत सम्भार साथै खानेपानी सुरक्षा सम्बन्धी सचेतना कार्यक्रम सञ्चालनका लागि सम्वद्ध संघसंस्था समन्वय गरिने छ ।
- गाउपालिका भित्र खानेपानी समस्या समाधान गर्नका लागि दातृ निकायसँगको साझेदारीमा **एक घर एक धारा** को व्यवस्था गर्ने नीति लिईएकोछ ।
- त्रिवेणी गाउँपालिकाका दलित, जनजाती, मुस्लिम, अपाङ्ग तथा महिलाहरुका लागि सम्मान तथा आय आर्जनका सिपहरु उपलब्ध गराई आत्मनिर्भर गराउने कार्यक्रम ल्याइनेछ ।
- महिलाको क्षमता अभिवृद्धिका लागि समूह/समितिहरु गठन गरी सिपमुलक र चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- महिला तथा किशोरीहरुका लागि स्यानिटरी प्याड स्थानीय स्तरमा नै उत्पादन गरी स्थानीय उद्यमीहरुलाई बढवा दिईनेछ भने सबै विद्यालय तथा कार्यालयमा समेत उपलब्ध गराईनेछ ।
- महिला सम्बन्धी विभिन्न किसिमका समूहहरुको प्रतिनिधित्व हुने गरी प्रत्येक वडाहरुमा वडा स्तरिय महिला संजाल गठन गरी परिचालन गरिनेछ ।
- अति विपन्न तथा एकल महिलाहरुका लागि**"उपाध्यक्षसंग दिदिबहिनी भेटघाट कार्यक्रम"** संचालन गरिनेछ ।
- सबै वडाहरुमा वडास्तरिय बाल सञ्जाल गठन र पालिका स्तरिय बालसञ्जाल गठन गरी बालमैत्री गाउँपालिकाको रुपमा आवश्यक कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका भित्रका ज्येष्ठ नागरिकहरुको लागि ज्येष्ठ नागरिक सरोकारवाला बिच अन्तक्रिया कार्यक्रम संचालन संगै ७५ बर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई बिशेष सम्मान गरिनेछ ।
- अपांगताको प्रकृति वर्गिकरणको अवस्थाको आधारमा परिचय पत्र वितरण गरी फरक क्षमता भएका व्यक्तिहरुलाई सेवा सुविधामा पहुँच अभिवृद्धि गर्दै सामाजिक न्याय हुने गरी व्यवस्था मिलाईनेछ ।
- भाषा, कला र संस्कृति संरक्षणका लागि जोड दिइनेछ । त्यसका लागि लोक संस्कृति संरक्षण तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामूदायिक शिक्षालाई गुणस्तरीय बनाउन निर्माण गरिएको विद्यालय सुधार योजनालाई प्रभावकारी रुपले कार्यान्वयन गरिनेछ । साथै गाउँ शिक्षा नीतिमा समयानुकूल परिमार्जन गर्दै लगिने छ ।
- शिक्षालाई गुणस्तरिय बनाउन गाउँपालिकाबाट स्वयं सेवक शिक्षकको व्यवस्थालाई निरन्तरता दिन विद्यालयलाई एकमुष्ठ शैक्षिक अनुदान सहायताको व्यवस्था गरिनेछ ।
- रुम टु रिड कार्यक्रमको सहकार्यमा विद्यालयमा प्रारम्भिक कक्षामा बालमैत्री बसाई व्यवस्थापन,बाल पुस्तकालय तथा कक्षा पुस्तकालय सहित बालमैत्री पठनपाठनलाई जोड दिइनेछ ।
- सामुदायिक शिक्षालाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउन विद्यालयहरुमा इ-हाजिरीलाई अनिवार्य गर्ने तथा कक्षागत शिक्षण प्रणालीलाई Digitalised System को थालनी गरिनेछ ।
- कार्य सम्पादन सम्झौताको आधारमा शिक्षाको मूल्याङ्कन गर्ने परिपाटीको विकास गरी दण्ड र पुरस्कारको नीति अवलम्बन गर्ने व्यवस्थाको थालनी गरिनेछ ।
- विद्यार्थीहरुमा शैक्षिक ज्ञानका साथसाथै व्यवसायिक सिप र ज्ञान आर्जन गरी व्यवहारिक जीवनमा समेत सक्षम गराउने उदेश्यले **"पढ्दै कमाउदै कार्यक्रम"** शुरुआत गरिनेछ ।
- सबै सामुदायिक विद्यालयहरुमा आवश्यक शैक्षिक उपकरणको व्यवस्था मिलाउदै लगिने छ ।
- **"स्वास्थ्यको लागि खेलकूद, राष्ट्रको लागि खेलकूद"** भन्ने मूल मन्त्रलाई आत्मसाथ गर्दै गाउँपालिका स्तरीय खेलकूद,अध्यक्ष कप भलिबल प्रतियोगिता,राष्ट्रपति रनिङ शिल्डहरु इथावत रुपमा सञ्चालन गरिनेछ र सबै तहका विद्यालयहरुमा खेलकूदको विकास गर्न खेलकुद कार्यक्रम तथा युवा सशक्तिकरणमा जोड दिइनेछ ।

- गाउँपालिका भित्रका सबै विद्यालय र गाउपालिकाबाट सञ्चालन हुने खेलकुद कार्यक्रमहरुलाइ प्रभावकारी एवं प्रतिभा पहिचान गर्ने उदेश्यले खेलकुद प्रशिक्षकको समेत व्यवस्था गरिनेछ ।
- **"एक गाउँपालिका, एक खेलकूद मैदान"** निर्माणको लागि वडा नं.-३ र वडा नं.-१ का बिचमा रहेको रिखेबगरलाई गाउँपालिका स्तरीय खेलकूद मैदान निर्माण र त्यसको स्तरोन्नति गर्न स्थानीय तह,प्रदेश सरकार र संघीय सरकारमा आवश्यक बजेट व्यवस्थाका लागि पहल गरिनेछ ।
- नेपाल सरकारबाट घोषणा गरिएका अभियानलाई त्रिवेणी गाँउपालिकाले आफ्नै अभियानको रुपमा सञ्चालन गरी पूर्ण खोप सुनिश्चितता, पूर्ण सरसफाई ,पोषणमैत्री वडा घोषणा जस्ता अभियानलाई प्राथमिकता दिइएको छ ।

## ग) पूर्वाधारः

- गाउँपालिकाद्वारा सञ्चालन भएका तर सम्पन्न नभएका सडकहरुलाई निरन्तरता दिइनेछ ।
- निर्माण भएका सडकको स्तरोन्ती गरिदै लगिने छ ।
- सडक नपुगेका वस्तीमा सडक पुऱ्याउने व्यवस्था गरिनेछ ।
- झोलुङ्गे पुल, मोटरेबल पुलको निर्माण कार्य थालनी गरिने छ ।
- गाउँपालिकाका गौरवका योजनाहरुलाई अगाडि बढाइनेछ ।
- खेतीयोग्य जमीनमा सिचाँईको प्रवन्ध मिलाइनेछ ।
- त्रिवेणी गाउँपालिकालाई पूर्ण विद्युतीकरण गर्ने कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।
- त्रिवेणी गाउँपालिकाको सबै बस्तीमा सञ्चार सुविधा उपलब्ध गराउन पहल गरिनेछ ।
- भौतिक संरचनाको मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था गरी सञ्चालनमा ल्याइनेछ ।
- गरिबी निवारणका लागि बेरोजगार सूचीमा सूचीकृत भएका श्रमिकहरुलाई रोजगारमूलक आयोना छनौट गरी रोजगारको अवसर प्रदान गरिनेछ ।
- विपन्न तथा दलित परिवारका लागि खरको छाना विस्थापित गर्न **सुरक्षित नागरिक आवास कार्यक्रमलाई** निरन्तरता दिइनेछ ।
- उपभोक्ता समितिबाट निर्माण भएका आयोजनाहरु उनीहरुलाई नै हस्तान्तरण गर्ने व्यवस्था मिलाइनेछ ।
- उपभोक्ता समितिबाट संचालन हुने आयोजनाहरुमा २० प्रतिशत माटो र ग्राभेलमा श्रमदान अनिवार्य गर्नु पर्ने र पूर्वाधार सम्बन्धी कार्यमा १० प्रतिशतसम्म अनिवार्य श्रमदान गर्नुपर्ने साथै हेभ्भी मेशीन प्रयोग भएमा १० प्रतिशत अनिवार्य श्रमदान जुटाउन पर्ने व्यवस्था गरिएकोछ ।
- गाउँपालिका भित्रका विभिन्न आयोजनाहरु ठेक्का भै निर्माण गर्ने क्रममा समयमा काम सम्पन्न गर्ने निर्माण व्यवसायीलाई पुरस्कार र सम्मान गरिनेछ भने तोकिएको समयमा काम सम्पन्न नगर्ने निर्माण व्यवसायीहरुलाई कार्वाहीको प्रक्रिया चलाउने नीति लिईएकोछ ।
- त्रिवेणी गाउँपालिकाका विभिन्न आयोजनाहरुको सम्भाव्यता अध्ययन विस्तृत परियोजना प्रतिवेदन तयार गरी संघ र प्रदेशमा पठाउन योजना बैंक निर्माण गरिनेछ ।
- गाउँपालिकाको प्रशासकीय भवन, वडा कार्यालयको प्रशासकीय भवन तथा स्वास्थ्य संस्था निर्माणका लागि जग्गा प्रदान गर्ने जग्गादाताहरुको अभिलेख व्यवस्थित गरी सम्मान समेत गरिनेछ ।

## घ) वन वातावरण तथा विपद व्यवस्थापनः

- पूर्वाधार विकासका क्रियाकलापहरु सञ्चालन गर्दा विपद् जोखिम संवेदनशीलतालाई ध्यानमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाईन तथा इष्टिमेट गरिनेछ ।

- जनताको आय आर्जनमा अभिवृद्धि गर्नका लागि उत्पादनमूलक तथा औषधीजन्य बोट विरुवाको विकास र संरक्षण गर्दै **"हाम्रो वन हाम्रो विकास"** कार्यक्रमलाई निरन्तरता दिइनेछ । त्यसका लागि सामूदायिक वनहरु सँग हातेमालो गर्दै अगाडि बढ्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- बाँझो जग्गालाई प्रयोगमा ल्याउन हाललाई वडागत रुपमा एक-एक वटा **नमुना कृषि वा नर्सरी कार्यक्रम** संचालन गरी कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।
- जलाधार संरक्षण, मुहान संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धमा जनचेतनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- त्रिवेणी गाउँपालिकालाई स्वच्छ र सफा राख्न सरसफाई अभियन्ता खटाई टोल विकास संस्थाहरुलाई क्रियाशिल गराई परिचालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका खाली स्थानमा वृक्षारोपन र डढेलो नियन्त्रणका लागि आवश्यक व्यवस्था मिलाईनेछ।
- गाउँपालिकाले निर्माण गरेको मुख्य-मुख्य सडकहरुमा सडक संभारकर्ता (**Lenth Worker**) को व्यवस्था गरी नियमित सडक मर्मत गरिनेछ ।

**ङ) <u>सुशासन तथा संस्थागत विकासः</u>**

- कार्यालयको संस्थागत क्षमता विकास गर्न प्रभावकारी कार्ययोजना बनाई लागू गरिनेछ ।
- सेवा प्रवाहमा प्रभावकारीता ल्याउन तथा शुसासन प्रवर्द्धनका लागि विद्युतीय हाजिरी अनिवार्य गरिनेछ, उजुरी पेटिका, सोधपुछ कक्ष, घुम्ति सेवा, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता सुशासनका औजारहरुको प्रयोग गरी सुशासन कायम गर्न व्यवस्था मिलाईनेछ ।
- विकास निर्माण कार्यलाई पारदर्शी र व्यवस्थित बनाउन उपभोक्ता समितिहरुलाई क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकाको आन्तरीक शान्ति सुरक्षा, अवरोध हटाउने, उद्धार कार्य, बजार व्यवस्थापन कार्यलाई व्यवस्थित गर्नको लागि नगर प्रहरीको व्यवस्था गरिएकाले नगर प्रहरीको क्षमता वृद्धि गर्न आवश्यक तालिमहरु सञ्चालन गरिनेछ ।
- प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरु कटौती गर्ने नीति ल्याइनेछ ।
- संस्थागत विकासको लागि विभिन्न उपकरण तथा सफ्टवयर जडानलाई निरन्तरता दिइनेछ ।
- कार्यालयको कामकाजलाई प्रभावकारी र प्रविधिमैत्री बनाउन कर्मचारीहरुलाई विभिन्न विषयका क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।
- त्रिवेणीको समग्र वस्तुस्थिती चित्रण गर्न सुचना प्रविधिमा आधारित वस्तुर्स्थिती विवरण (Digital Profile), आवधिक योजनाको निर्माण, विस्तृत परियोजना प्रतिवेदन लगायत अन्य त्रिवेणी गाउँपालिकाको विकासको सम्भाव्यता अध्ययन अनुसन्धान गरिनेछ ।
- आश्यकता अनुसार जनप्रतिनिधिहरुलाई समेत क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।
- न्याय सम्पादनलाई कार्यदक्ष र प्रभावकारी बनाउन न्यायिक समितिको क्षमता विकास गरिनेछ ।
- त्रिवेणी गाउँपालिका भित्रका सार्वजनिक जग्गा संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ ।

**च) <u>विविधः</u>**

- गाउँपालिका भित्रको तथ्याङ्कलाई व्यवस्थित गर्न आधुनिक अभिलेख पद्दति अवलम्वन गरिनेछ ।

अन्त्यमा विकासको गति निरन्तर चलिरहने प्रक्रिया भएकोले समग्र गाउँपालिकाको यथोचित विकासको लागि सबै प्रयासहरु गरिनेछ । समृद्ध त्रिवेणी निर्माणको यो यात्रामा निजी क्षेत्र, विद्धतवर्ग, सबै

क्रियाशील राजनैतिक दलहरु, नागरिक समाज र समग्र त्रिवेणीवासीमा हार्दिक आभार व्यक्ति गर्दै सहकार्य र सदभावका लागि सबैको सहयोगको अपेक्षा गर्दछु । यस तेह्रौं अधिवेशनमा प्रस्तुत हुने नीति, कार्यक्रम र बजेटका सम्बन्धमा महत्वपूर्ण राय सल्लाह उपलब्ध गराउने राजनैतिक दल र यस गाउँपालिका अन्तर्गतका पूर्वजनप्रतिनिधि ज्यूहरु प्रति धन्यवाद व्यक्त गर्दै यो नीति तथा कार्यक्रमलाई प्रस्तुत गर्दै विदा हुने अनुमती चाहन्छु ।

**धन्यवाद**